# मधेश प्रदेश सरकारको वित्तीय सुशासन जोखिम मुल्यांकन कार्यविधि २०७९ सम्बन्धी अभिमुखिकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न

मिति २०८० मंसिर ११ देखि १३ गते सम्म मधेश प्रदेश सरकारको वित्तीय सुशासन जोखिम मुल्यांकन कार्यविधि २०७९ सम्बन्धी अभिमुखिकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो । यो दस्तावेज प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) को अग्रसरतामा तयार भई प्रदेश सरकारले स्वीकृत गरी राजपत्रमा प्रकाशित गरेको छ । यो दस्तावेज तयार गर्न संलग्न रहनु भएका यसै प्रदेशका सचिव र उपसचिवज्यूहरुबाट यो कार्यक्रमको सहजिकरण गरिएको थियो ।




चित्र नं. १: सहभागीहरू र सहजकर्ताहरुको संयुक्त फोटो

## १. कार्यक्रमका सहभागीहरु

यो कार्यक्रममा पहिलो र दोश्रो दिन सूचना तथा प्रविधि शाखा प्रमुख, आर्थिक प्रशासन प्रमुख र जिन्सी शाखा प्रमुखहरु र तेश्रो दिन मन्त्रालय/कार्यालय प्रमुख र योजना शाखा प्रमुखहरुको सहभागिता रहेको थियो ।



चित्र नं. २: प्रदेश सचिवज्यू प्रस्तुतिकरण गर्नुहुँदै

## २. कार्यक्रमको उद्देश्य

यस कार्यक्रमको उद्देश्यहरु निम्नानुसार रहेका छन्ः

क) सार्वजनिक निकायको कार्य संचालन सुव्यवस्थित, नैतिक, मितव्ययी, कार्यकुशल र प्रभावकारीरुपमा कार्यान्वयन गर्ने; जवाफदेहीताको अभिबृद्धि गर्ने; सम्बन्धित प्रचलित ऐन कानूनको परिपालना गर्ने/गराउने र साधन श्रोतको दुरुपयोग, क्षति र नोक्सानी हुनबाट बचाउने जस्ता बिषयमा सहभागीहरूले बुझ्ने र कार्यान्वयन गर्ने तर्फ उन्मुख हुनेछन् ।

ख) वित्तिय प्रतिवेदनको विश्वसनीयता अभिबृद्धि गर्ने र प्रभावकारिता अभिवृद्धि गर्ने; प्रतिबेदन सही र पूर्ण भएको सुनिश्चित गर्ने; भरपर्दो तथा समयतालिका अनुसार वित्तीय प्रतिबेदन र व्यवस्थापकिय सूचना उपलब्ध गराउने र जनतालाई पुर्याउने सेवामा समतामूलक पहूंच, गुणस्तरीय सेवा र प्रणालीमा सुधार गर्ने बिषयहरूमा सहभागीहरू स्पष्ट हुनेछन् ।

ग) प्रदेश सरकारको वित्तीय सुशासनको स्थिति पहिचान गर्न सक्नेछन् र प्रदेश सरकारको मन्त्रालय र निकायहरुको वित्तिय जोखिम न्यूनीकरण कार्ययोजना तयार गरी सार्वजनिक वित्तिय व्यवस्थापनमा सुधार ल्याउनेछन् ।



चित्र नं. ३: बरिष्ठ उपसचिव तथा प्रादेशिक कार्यक्रम व्यवस्थापकज्यू प्रस्तुतिकरण गर्नुहुँदै

घ) बेरुजु कम गर्ने कार्यको थालनी गर्नेछन् ।



चित्र नं. ४: पूर्व प्रदेश लेखा नियन्त्रक र हाल अख्तियार दुरुपयोग अनुसन्धान आयोगका उपसचिवज्यू वित्तीय सुशासन जोखिमको बारेमा प्रस्तुतिकरण गर्नुहुँदै

## ३. कार्यक्रमको अपेक्षित उपलब्धिहरू

- सुचकहरुका आधारमा प्रदेश सरकारको मन्त्रालय तथा सार्वजनिक निकायहरुको वास्तविक वित्तीय सुशासन जोखिमको अवस्था जानकारी हुनेछ र सो को आधारमा मधेश प्रदेशले वित्तीय सुशासन जोखिम न्यूनीकरण कार्ययोजना (Fiduciary Risk Reduction Action Plan-FRRAP) बनाई लागू गर्नेछन् ।
- प्रदेश सरकारको मन्त्रालय तथा सार्वजनिक निकायहरुको आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि बनाई लागू गर्नेछन् ।

## ४. कार्यक्रमको व्यवस्थापन

यो कार्यक्रमको खर्च PLGSP को बजेटबाट व्यवस्था गरिएको थियो । यो कार्यक्रम High Speed ईन्टरनेटको सुविधायुक्त सभाहलमा बिहानको ९:३० बजे देखि साँझको ५ बजे सम्म ३ दिन सम्म संचालन गरिएको थियो । पहिलो र दोश्रो दिन मधेश प्रदेशको प्रदेश प्रमुखको कार्यालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश सभा सचिवालय, सबै मन्त्रालयहरू, ३ वटा आयोगहरू, प्रदेश लेखा नियन्त्रक कार्यालय र प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्रको सहभागीहरूलाई अभिमुखिकरण गराईएको थियो । तेश्रो दिन यिनै कार्यालयका कार्यालय प्रमुख र योजना शाखा प्रमुखहरुलाई अन्तरक्रियात्मक कार्यक्रम गराईएको थियो ।



चित्र नं. ५: प्रदेश सचिवज्यू मधेश प्रदेश सरकारको वित्तीय सुशासन जोखिम मुल्यांकन कार्यविधि २०७९ को व्यवस्थाको बारेमा प्रस्तुतिकरण गर्नुहुँदै